नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
भुक्तानी केन्द्र नं.-१
त्रिपुरेश्वर, काठमाडौं

यहि मिति २०८२/०८/२९ गते कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरले आफ्नो कार्यक्षेत्रभित्र पर्ने संघिय तथा स्थानीय तह अन्तर्गतका कार्यलयहरुमा कार्यरत लेखा समुहमा आवद्ध कर्मचारीहरुको नियमित बैठक, छलफल तथा अन्तरक्रिया गरी देहायका निर्णयहरु गरियो (सहभागी संख्या जम्मा ८१)

<u>निर्णयहरु</u>

१. **महंगी भत्ता सम्बन्धीः** कार्यालयको स्वीकृत दरबन्दी बमोजिमको महंगी भत्ताको बजेट LMBIS मा नपुग भएमा म.ले.नि.का. को मिति २०८२/०८/१६ को बजेट तथा शोधभर्ना शाखाको च.न.२१ को परिपत्र बमोजिम महंगी भत्ता शिर्षकमा कोलेनिकाबाट अख्तियारी कायम हुने भएकोले तोकिएका कागजात सहित यस आर्थिक वर्षका लागि आवश्यक बजेटको अख्तियारी माग गर्ने ।

२. **निकासा र हिसाव भिडान सम्बन्धीः** विनियोजन, धरौटी र विविधको मासिक प्रमाणित फाँटवारी नियमित पेश गरि निकासा खर्च भिडान मासिक त्रैमासिक रुपमा अनिवार्य गर्ने ।

३. दैनिक रुपमा EFT Status अध्यावधिक गरी रिजेक्ट भएका कारोबारको रिफण्डका लागि कोलेनिकामा पत्राचार गर्ने ।

४. **भौतिक प्रगति विवरणः** पुंजीगत खर्च र चालु तर्फ कार्यक्रम खर्चको हकमा तेश्रो त्रैमासिक देखि अनिवार्य भौतिक प्रगति विवरण सम्लग्न गर्नु पर्ने ।

५. **भुक्तानी आदेश सम्बन्धी**
   - भुक्तानी पठाउदाँ मु.अ.कर र बहालकर तथा नेपाल राष्ट्रबैंकमा भुक्तानी हुने बाहेक सबै कारोवार अनिवार्य रुममा EFT बाट पठाउने ।
   - पेश्की फिर्ता भुक्तानी आदेश, धरौटी, विविध र राजस्वको आम्दानी आदेशमा भौचर कपि अनिवार्य सम्लग्न गर्ने, विविध र धरौटीको आम्दानी संशोधन नहुने हुदाँ Draft बाट प्राप्त रकम र विदेशबाट प्राप्त रकमको आम्दानी बाध्ने बेला कोलेनिकासँग समन्वय गरी आम्दानी आदेश पठाउने ।
   - कार्यालयबाट भुक्तानी भएका भुक्तानीको अग्रीमकर कट्टी लाई नियमित रुपमा ETDS गर्ने ।
   - कुनै कार्यालयको तलबी प्रतिवेदन पारित गर्न बाँकी रहेको, छुट भएको भए सम्बन्धित किताबखानामा अनिवार्य पारित गर्ने/गराउने ।

६. राजस्व सम्बन्धीः
   - RMIS मा मासिक राजस्व सङ्कलनको भौचर जेनेरेट गरी प्रमाणित गराएर राख्नुपर्ने । नगद सङ्कलन गर्ने कार्यालयले नगद राजस्व सङ्कलनलाई अनिवार्य रुपमा भोलिपल्ट RMIS मा बैंक भौचर जेनेरेट गरी नगद मौज्दात शुन्य बनाउने ।
   - जेन्जी आन्दोलनबाट क्षति भएका सरकारी जिन्सी सामग्रीको विमा गराएको भएमा सो बापत प्राप्त भएको रकम राजस्व शिर्षक न.१४५११ (विमा दावी प्राप्ति) मा दाखिला गर्ने ।
   - राजस्व भौचरमा कार्यालय कोड न. उल्लेख गर्दा कहिले काही भुलबस त्रुटी भई कोड नं परिवर्तन गर्नुपर्ने परेमा मात्र कोलेनिकामा भौचर ससोधन गर्न कारण सहित पठाउने ।

प्रमुख कोष नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
भुक्तानी केन्द्र न-१
त्रिपुरेश्वर, काठमाडौं

७. **आ.ले.प. सम्बन्धीः** आन्तरिक लेखा परीक्षणको लागि कोलेनिकाको आन्तरिक लेखा परिक्षण शाखासंग समन्वय गरी तोकिएको समय सीमा भित्र लेखा परिक्षण/प्रतिवेदन गर्ने गराउने यसको लागि सबैले आर्थिक प्रशासन सम्वन्धी श्रेस्ता तथा आवश्यक कागजातहरु सधै तयारी अवस्थामा राख्ने ।

८. **बिबिध**

- लेखा समुहको नियमित रुपमा बसिने बैठक लगायत अन्य जानकारी तथा सुचना आदानप्रदानको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको सुचना अधिकारीको मोबाइल न.९८५१४१६१४०, DTCO Tripureshwor को नाममा रहेको Viber ग्रुप अर्थात सोही नम्वरको Whats Apps को प्रयोग गर्ने ।
- **वनभोज सम्बन्धीः** निजामति, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी जस्ता सवै क्षेत्र समेटिने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरका कोष नियन्त्रक श्री टेकनाथ रेग्मीको समन्वय र संयोजनमा १० सदस्यीय बनभोज तयारी तथा व्यवस्थापन समिति गठन गर्ने र उक्त समितिले प्रस्ताव गरेको मिति समय र स्थानमा रमाइलो बनभोज कार्यक्रम यहि पौष महिनामा सम्पन्न गर्ने ।

२०८२/०८/२९

प्रमुख कोष नियन्त्रक